प्रमुख समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा आज साँझ पश्चिम बंगालको कोलकातामा ५,२०० करोड रुपैयाँभन्दा बढी मूल्यका अनि बिहारको गयामा लगभग १३ हजार करोड रुपैयाँ बराबरका धेरै विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन
- भारतले नवप्रवर्तन र प्रविधिको विकासल‌ े बलियो रक्षा प्रणाली निर्माण गरिरहेको रक्षामन्त्री राजनाथ सिंहको भनाइ
- सर्वोच्च अदालतद्वारा दिल्ली-एनसीआरमा भुस्याहा कुकुरहरूलाई आश्रयस्थलमा पठाउन भनी दिएको पहिलेको निर्देशनहरूमा संशोधन ४. अनि इसरोले स्वतन्त्रताको १०० वर्ष पूरा हुनु अघि भारतलाई विकसित देश बनाउन‌े अभियानमा योगदान पुऱ्याउन‌े इसरो अध्यक्षको धारणा

PM – Kolkatta

प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ पश्चिम बंगालको कोलकातामा ५,२०० करोड रुपैयाँभन्दा बढी मूल्यका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। उहाँले भन्नुभयो, कोलकाताले भारतको इतिहास र भविष्य दुवैमा महत्त्वपूर्ण स्थान राख्छ। एक सार्वजनिक सभालाई सम्बोधन गर्दै उहाँले भन्नुभयो.....

श्री मोदीले २०१४ अघि, देशमा केवल २५० किलोमिटर मेट्रो रुटहरू रहेको तर अहिले बढेर १,००० किलोमिटरभन्दा बढी पुगेको जानकारी दिनुभयो। उहाँले जेसोर रोड मेट्रो स्टेशनबाट जय हिन्द विमान बन्दर स्टेशनसम्म मेट्रोबाट यात्रा गर्नुभयो। त्यस बखत श्री मोदीले आम नागरिकहरूसित अन्तरक्रिया पनि गर्नुभएको थियो।
यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहारको गयामा १२,००० करोड रुपैयाँ बराबरका धेरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। उहाँले कार्यक्रममा भन्नुभयो........

PM Bihar

यी परियोजनाहरू विद्युत, सडक, स्वास्थ्य, शहरी विकास र पानी आपूर्ति लगायत धेरै क्षेत्रहरूसँग सम्बन्धित छन्। श्री मोदीले विगत एघार वर्षमा देशभर चार करोडभन्दा बढी गरिब परिवारहरूलाई पक्का घरहरू प्रदान गरिएको र बिहारमा ३८ लाख घरहरू निर्माण गरिएको प्रकाश पार्नुभयो। उहाँले भन्नुभयो, एनडीए डबल इन्जिन सरकारले बिहारमा रेलवेको विकासमा द्रुत गतिमा काम गरिरहेको छ।

PM – Online Gaming Bill

प्रधानमन्त्री नरेन्द्र मोदीले संसदबाट पारित अनलाइन गेमिङ प्रवर्द्धन र नियमन विधेयक, २०२५ ले भारतलाई गेमिङ, नवप्रवर्तन र रचनात्मकताको केन्द्र बनाउने उहाँको सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको बताउनुभयो। श्री मोदीले सामाजिक सञ्जाल पोस्टमा जनाउनुभएअनुसार विधेयकले समाजलाई अनलाइन पैसा खेलहरूको खराब प्रभावबाट पनि जोगाउनेछ। उहाँले भन‌्नुभयो, सरकारले ई-खेल र अनलाइन सामाजिक खेलहरूलाई प्रवर्द्धन गर्नेछ।

Puduchery – Online Gaming Bill

पुडुचेरी विश्वविद्यालयको इन्जिनियरिङ र प्रविधि स्कूलको कम्प्युटर विज्ञान विभागका सह-प्राध्यापक डा. कुप्पुसामी के.एस.ले अनलाइन गेमिङ विधेयक २०२५ मा आफ्नो विचार साझा गर्नुभयो। विधेयकले अनलाइन खेलहरूलाई नियमन गर्ने र जुवाको खतरालाई नियन्त्रण गर्ने लक्ष्य राखेको छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

Rajnath - Defence

रक्षामन्त्री राजनाथ सिंहले भारतले नवप्रवर्तन र प्रविधिको विकासल े बलियो रक्षा प्रणाली निर्माण गरिरहेको बताउनुभएको छ। उहाँले भारतले देशका कम्पनीहरूको विकासको लागि पनि अनुकूल वातावरण सिर्जना गरिरहेको बताउनुभयो। श्री सिंहले देश पाँचौं पुस्ताको लडाकु विमान निर्माण र विमान इन्जिन निर्माण गर्ने दिशामा अघि बढिरहेको बताउनुभयो। श्री सिंहका अनुसार फ्रान्सेली कम्पनी सफ्रानसँग देशमा इन्जिन निर्माण सुरु हुन लागेको छ। आज नयाँ दिल्लीमा एक कार्यक्रमको क्रममा रक्षामन्त्रीले सरकारले हिन्दुस्तान एरोनटिक्स लिमिटेडलाई ६६ हजार करोड रुपैयाँको लागतमा ९७ तेजस लडाकु विमान निर्माण गर्न नयाँ आदेश स्वीकृत गरेको  बताउनुभयो।

Rajnath Singh – U N Women

रक्षामन्त्री राजनाथ सिंहले संयुक्त राष्ट्र शान्ति मिसनहरूमा महिलाहरूको सहभागिता र एकीकरणको भारत बलियो समर्थक रहेको बताउनुभएको छ। श्री सिंहले आज नयाँ दिल्लीमा संयुक्त राष्ट्र संघका महिला सैन्य अधिकारीहरूसँग अन्तरक्रिया गर्दै यो कुरा बताउनुभएको हो। उहाँले भन्नुभयो,  सरकारले देशको सशस्त्र सेनामा महिलाहरूको सहभागिता सुनिश्चित गरिरहेको छ र उनीहरूलाई नेतृत्व र सेवा गर्न समान अवसर प्रदान गरिरहेको छ।

Chip Design

सरकारले देशमा अर्धचालक डिजाइन क्षमताहरूलाई प्रवर्द्धन गर्न प्रोत्साहन योजना अन्तर्गत २३ चिप डिजाइन परियोजनाहरूलाई मञ्जुर गरेको छ। यी परियोजनाहरूले भारतको आत्मनिर्भरता बढाउन े लक्ष्य राखेको छ।

SC – Stray Dogs

सर्वोच्च अदालतले दिल्ली-एनसीआर क्षेत्रमा भुस्याहा कुकुरहरू समातेर आश्रयस्थलमा पठाउने सम्बन्धमा आफ्नो पहिलेको निर्देशनमा संशोधन गरेको छ। न्यायाधीश विक्रम नाथ, न्यायाधीश सन्दीप मेहता र न्यायाधीश एन.भी. अन्जारियाको इजलासले नियन्त्रणमा लिइएका भुस्याहा कुकुरहरूलाई नसबंदी र खोप लगाएपछि उनीहरूको क्षेत्रमा छोड्न निर्देशन दिएको छ। रेबिजबाट संक्रमित वा आक्रामक व्यवहार भएका कुकुरहरूलाई भने छोडिने छैन।

ISRO - Narayanan

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन-इसरोका अध्यक्ष वी. नारायणनले भन्नुभएको छ,  इसरोले स्वतन्त्रताको १०० वर्ष पूरा हुनु अघि भारतलाई विकसित देश बनाउन विकसित भारत २०४७ अभियानमा योगदान पुऱ्याउनेछ। नयाँ दिल्लीमा राष्ट्रिय सम्मेलन २०२५ को उद्घाटन सत्रलाई सम्बोधन गर्दै श्री नारायणनले भन्नुभयो,  आज चन्द्रमाको कक्षामा उपलब्ध सबैभन्दा राम्रो क्यामेरा भारतको हो। उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शनमा शुभांशु शुक्लालाई अन्तरिक्षमा पठाउने इसरोको हालैको सफलताको पनि उल्लेख गर ुनुभयो।

Afganistan – Accident

अफगानिस्तानको उत्तरी बाघलान प्रान्तमा हिजो राति एउटा यात्रुवाहक बस ट्रकसँग ठोक्किँदा कम्तिमा २४ जना घाइते भएका छन्। दुर्घटना काबुल-मजार-ए-शरीफ राजमार्गमा भएको थियो, जसमा धेरै पीडितहरूको अवस्था गम्भीर छ। हेरातमा ७९ जनाको मृत्यु भएको घातक दुर्घटना पछि यो हप्ताको यो दोस्रो ठूलो दुर्घटना हो।

Nagaland - ICAR

नागाल्याण्डको भारतीय कृषि अनुसन्धान परिषद्-कृषि विज्ञान केन्द्र वोखाले पूर्व ोत्तर क्षेत्रमा सर्वश्रेष्ठ कृषि विज्ञान केन्द्र पुरस्कार प्राप्त गरेको छ। केन्द्रले उल्लेखनीय योगदान दिएबापत यो सम्मान प्रदान गरिएको हो।

प्रमुख समाचार पुन: एकपटक

- प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा आज साँझ पश्चिम बंगालको कोलकातामा ५,२०० करोड रुपैयाँभन्दा बढी मूल्यका  अनि बिहारको गयामा लगभग १३ हजार करोड रुपैयाँ बराबरका धेरै विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन
- भारतले नवप्रवर्तन र प्रविधिको विकासले बलियो रक्षा प्रणाली निर्माण गरिरहेको रक्षामन्त्री राजनाथ सिंहको भनाइ
- सर्वोच्च अदालतद्वारा दिल्ली-एनसीआरमा भुस्याहा कुकुरहरूलाई आश्रयस्थलमा पठाउन भनी दिएको पहिलेको निर्देशनहरूमा संशोधन
- अनि इसरोले स्वतन्त्रताको १०० वर्ष पूरा हुनु अघि भारतलाई विकसित देश बनाउने अभियानमा योगदान पुऱ्याउने इसरो अध्यक्षको धारणा